# २ आदिमा

*<u>यस अध्यायको निम्ति पढ्नुहोस्:</u>* मत्ती १९:४, अयूब ३८:४-७, व्यवस्था ३२:१०,११, भजन १९, यूहन्ना १:१-१३, रोमी ५:१२, यशैया ६६:२२।

*<u>स्मरण गर्नुपर्ने पद:</u>* " उहाँबाट नै (ख्रीष्ट) सबै थोक सृष्टि भएका थिए। स्वर्ग र पृथ्वीमा भएका यावत थोकहरू उहाँले नै सृष्टि गर्नुभएको हो। देखिन सक्ने र नदेखिन सक्ने प्रत्येक कुरा उहाँले सृष्टि गर्नुभएको हो। राजामहाराजा, शासक, अधिकार र बलशक्तिहरू उहाँले सृष्टि गर्नुभएको हो। यावत थोक उहाँले नै सृष्टि गर्नुभएको हो र उहाँकै लागि हो।" (कलस्सी १:१६ रूपान्तरित)

*<u>मूल तर्क:</u>* हामीले जे विश्वास गर्दछौं तिनीहरूमा परमेश्वरले जगत र पृथ्वी सृष्टि गर्नुभएको हो भन्ने शिक्षा वा सिद्धान्त अति महत्त्वपूर्ण मान्नुपर्दछ। छ दिन लगाएर स्वर्ग वा आकासका तत्वहरू र पृथ्वीको सृष्टि परमेश्वरले गर्नुभएको हो भनेर बाइबलले सिकाउँदछ। प्रत्येक दिन चौविस घण्टाको हो। र सातौं दिनमा परमेश्वरले बिश्राम लिनुभयो।

यस संसारमा विज्ञानको नाउँमा बिकासवाद सिद्धान्तले जरो गाडेको छ। सृष्टिबाद त्यसको बिपक्षमा धरोहर जस्तै भएर खडा भएको छ। ती दुई सिद्धान्तको बिच सम्झौता भएको छ भनेर विश्वास गर्नु अकल्पनिय छ। परमेश्वरले सुनियोजित तरिकाले सारा सृष्टि गर्नुभएको हो भनेर बाइबलले सिकाउँदछ। कुनै कुरा पनि अचानक हुन परमेश्वरले छोड्नुभएको छैन। अहँ, परमेश्वरको योजनाबिना कुनै थोक आकस्मिक रूपमा अस्तित्वमा आएको छैन। बाइबलले सिकाएको बिपरित बिकासबाद सिद्धान्तले अव्यवस्थित ढँगले सबै थोक अचानक हुन आएको हो भनेर सिकाउँदछ। दोश्रोमा बाइबलले यो सिकाउँदछ कि सबै सृष्टिको लक्ष्य छ। लक्ष्यलाई मध्यनजर राखेर नै परमेश्वरले सबै थोक सृष्टि गर्नुभएको थियो। यस्तो खालको लक्ष्यलाई ग्रीक अर्थात् युनानी भाषामा टेलोज (telos) भनिन्छ। कुनै उद्देष्यलाई ध्यानमा राखेर नै परमेश्वरले यस पृथ्वी सृष्टि गर्नुभएको हो भनेर टेलोस शव्दले

बताउँदछ। तर जीवनको कुनै लक्ष्य छैन र मानिसको जीवनलाई अगाडि ढकेल्न कुनै उच्च शक्ति वा बल छैन न त आवश्यकता नै पर्दछ भन्ने शिक्षा बिकासबाद सिद्धान्तको आधार हो। अन्तमा मानव जाति परमेश्वरको स्वरूपमा सृष्टि गरिएको हो भनेर बाइबलले सिकाउँदछ। तर मानिसका पूर्खा बाँदर हुन् भनेर बिकासबाद सिद्धान्तले मानिसको नजर परमेश्वरतिर नफर्काएर बाँदर पशुतिर आकर्षित गराउन खोज्दछ।

यस अध्यायमा हामीले बाइबलले सिकाएका सृष्टिको शिक्षा वा सिद्धान्तको बारेमा अध्ययन गर्नेछौं। सारा सत्यको आधारशिला नै हामी परमेश्वरका सृष्टि हौं भन्ने तथ्यलाई हामी सिक्नेछौं। यदि सृष्टिको बारेमा हामी गल्ति गर्दछौं भने हाम्रो जीवनको सबै नियत वा अर्थहरू गलत हुने निश्चित छन्। यस जीवनलाई अर्थमूलक बनाउन हामीहरूको अस्तित्व परमेश्वरबाट भएको हो भन्ने शिक्षादिक्षा हामी सेभेन्थ-डे एडभेन्टिस्टको निम्ति अपरिहार्य दर्शन हो।

## १. सृष्टिको हस्ता (उत्पत्ति १:१)

"आदिमा परमेश्वरले स्वर्ग र पृथ्वी सृष्टि गर्नुभयो।" (उत्पत्ति १:१)। अठारौं शताव्दीका वैज्ञानिक चार्लस डार्विनको बिकासबाद सिद्धान्तलाई बाइबलले समर्थन गर्दैन वा एक आपसमा बेमेल छ भनेर बाइबलको सुरूमै उल्लेख गरिएको वाक्यले कसरी पुष्टि गर्दछ?

सृष्टिको समयमा परमेश्वरको सक्रियतालाई औंल्याउँदै उत्पत्तिको पुस्तक सुरू गरिएको छ। परमेश्वरको बारेमा न त स्पष्टिकरण न त वाख्या गर्नु आवश्यकता त्यस पुस्तकले देखाएकोछ। परमेश्वर को हुनुहुन्छ भनेर उहाँलाई चिनारी नै नगरि उत्पत्तिको पुस्तकलाई सुरु गरिएको छ। बाइबलका कुनै पनि लेखकहरूले परमेश्वरको बारेमा परिचय दिनु आवश्यकता ठानेको पाउँदैनौं। बाइबलमा परमेश्वरको बारेमा परिचय दिनुपर्दा अत्यन्त निकट परिभाषा भजनसंग्रहका लेखकले दिएको पाउँछौं। उनले भनेकाछन्: "मूर्खले आफ्नो मनमा भन्दछ, 'परमेश्वर छैन'" (भजन १४:१ रूपान्तरित)।

सुन्दर तथा दक्ष कौशल प्रयोग गर्नुभएर परमेश्वरले यस पृथ्वी र जगत कसरी सृष्टि गर्नुभयो भनेर बाइबलका चिन्तक तथा लेखकहरूले औंल्याएकाछन्। सृष्टिको बारेमा व्याख्या पनि तिनीहरूले बाइबलमा

गरेका छन्। भौतिक तत्वलाई कसरी व्यवस्थित गर्नुभयो भनेर सृष्टिको परिचय उत्पत्ति १:२मा यसरी दिएकाछन्: "पृथ्वीको कुनै आकार थिएन र त्यहाँ खाली अर्थात रित्त थियो।" आकार बिनाका तत्वहरूलाई जुटाएर परमेश्वरले तिन दिनसम्म पृथ्वीलाई सृष्टि गर्नुभयो, अर्थात् योजनाबद्धरूपमा यस पृथ्वीको अस्तित्वलाई खडा गर्नुभयो। जुन खाली वा रित्त स्थान थियो त्यसलाई तिन दिन लगाएर उहाँले भर्नुभयो।

प्रथम दिनमा परमेश्वरले उज्यालो सृष्टि गर्नुभएको थियो भने चौथो दिनमा सूर्य, चन्द्रमा र तारा तथा अन्तरिक्षका नक्षत्रहरू सृष्टि गर्नुभएको थियो (उत्पत्ति १:१६ पनि पढ्नुहोस्)। दोस्रो दिनमा हावा र पानी सृष्टि गर्नुभएर तिनीहरूको उपभोग गर्न परमेश्वरले आकासका चराचुरुङ्गी र माछा तथा जल जन्तुहरू पाँचौं दिनमा सृष्टि गर्नुभयो (उत्पत्ति १:६-९, २०-२३)। तेश्रो दिनमा पानी र सुक्खा जमिन छुट्याउनुभएर पृथ्वीलाई बनस्पतीले भर्नुभएको थियो (उत्पत्ति १:९-१३)। अनि भूमीका जिव जन्तुहरू र मानव जात सृष्टि गर्नुभएर सारा सृष्टिको काम पाँचौं दिनमा सम्पन्न गर्नुभएको थियो। अन्तमा आफूले सृष्टि गर्नुभएको यावत थोकदेखि प्रसन्न भएर त्यसलाई अति राम्रो भनेर घोषणा गर्नुभएको थियो। सृष्टिको अन्त भएको खुशियालीमा सातौं दिनलाई पवित्र बनाउँदै र त्यसलाई आशिष दिँदै बिश्राम लिएर परमेश्वरले उत्सव मनाउनुभएको थियो (उत्पत्ति २:१-३)।

सृष्टिको बारेमा वर्णन गरिएका पदहरूले कुनै पनि थोक अकस्मात वा संयोगबाट भएको हो भनेर देखाएको छैन। बिकासबाद अर्थात् इभ्युल्यसशन सिद्धान्तको बिपरित उत्पत्ति १ले यो सिकाउँदछ कि सबै थोक- पदार्थ (पञ्चतत्व) वा अपदार्थ, देखिने वा नदेखिने- योजनाबद्ध रूपमा सृष्टि गरिएका हुन्।

बाइबलमा उल्लेखित सृष्टिको कथालाई विश्वास गर्ने केहि व्यक्तित्वहरूमा को को हुन् त? हेर्नुहोस्: मत्ती १९:४, प्रस्थान २०:८-११, १ तिमोथी २:१३ र यशैया ४०:२६।

परमेश्वरले नै यस संसारलाई सृष्टि गर्नुभएको हो भन्ने तथ्यलाई बाइबलमा जताततै उल्लेख गरिएकाछन्। उत्पत्ति १ र २मा वर्णन गरेको अनुसार परमेश्वरको आवाज वा वचनले ती सृष्टिहरूलाई जीवित पार्नुभएको थियो। सृष्टिको मामिलामा बाइबलले कुनै शङ्का उब्जाउने तर्क हाम्रो अगाडि तेर्स्याएको छैन। सृष्टिको बारेमा विश्वास गर्दा मध्यम

मार्ग छैनः की त परमेश्वरको कार्यलाई विश्वास गर्ने वा बिकासबाद अर्थात् इभ्युल्युशन थ्योरी। (याद गर्नुहोस् बिकासबादलाई थ्योरी अर्थात् अनुमानित राय वा तर्क भनेर प्रचलित छ। यसलाई स्विकार्न पनि विश्वासै चाहिन्छ-अनुवादकको टिप्पणी)। सोझो मन भयो भन्दैमा ती दुई सिद्धान्तलाई मिसाइन्दैन। बाइबलका पदहरूले ती दुई सिद्धान्तलाई मिसाउनु हुँदैन । न त ती दुई तर्क अर्थात् सिद्धान्तहरूलाई मिसाउने अधिकार हामीलाई सुम्पिएको छ।

## २. सृष्टिकर्ताको हृदय (अयूब ३८:४-७)

जुन नाटकिय ढँगले संसार सृष्टि गरियो त्यसलाई अत्यन्त महान् र अचम्म मान्नुपर्दछ। दिन दिनै सारा वस्तुहरूलाई जीवित पार्न परमेश्वरले जीवनको सास फुकिदिनुहुन्छ। त्यो केवल उहाँको बोलीले मात्र सम्पन्त भइरहेको हुन्छ। सारा सृष्टि कसरी जीवित भइरहेको छ भन्ने जिज्ञासाले विश्वका मैहुँ भन्ने वैज्ञानिकहरूलाई पनि अचम्म पारिराखेको छ। सृष्टिदेखि नै परमेश्वर बोलिरहनुभएको छ र जब उहाँको वचनले सारा सृष्टि खडा भयो, त्यो समय अति आनन्दको समय थियो भनेर परमेश्वर आफैले भन्नुहुन्छ।

जब जगत तथा ब्रम्हाण्डका महासागरहरूको बिचमा पृथ्वी केवल एक बालुवाको कण जस्तो सृष्टिभयो, त्यसबेला अन्य जगतका सारा जीवहरू हर्षले भावबिभोर भएका थिए। अयूब ३८:४-७मा पढ्नुहोस् कसरी जगतका अरू जीवहरू उल्लायसमय भएका थिए।

सृष्टिको पहिलो दिनमै परमेश्वरको हृदय गदगद भएको थियो भनेर उत्पत्ति १:२ले आभास दिंदछः "परमेश्वरको आत्मा पानीहरूको बिचमा घुमिरहनुभएको थियो।" पानीहरूमाथि परमेश्वरको आत्मा घुमिरहनुभएको वा परिभ्रमण गरिरहनुभएको थियो भनेर सृष्टिको सप्ताहको सुरूमै मोसाको वयानलाई कसरी लिने? परिभ्रमणलाई घुमिरहेको वा चक्कर खाइरहेको भनेर पनि अर्थ लगाइन्छ। मोसाले यो शब्द केवल अर्को एक पटकमात्र प्रयोग गरेका थिए। आफ्नो बिदाइको भाषणमा त्यस शब्द मोसाले प्रयोग गरेका थिए, हेर्नुहोस् व्यवस्था ३२:१०, ११ (मत्ती २३:३७ पनि पढ्नुहोस्)।

आमा चराहरूले अत्यन्त ममतामय तरिकाले आफ्ना बचेराहरूको निम्ति गुँड तयार गर्दछन्। त्यसबारे गहिरिएर सोच्नुहोस्।

अनि गुँड तयार भएपछि त्यसमा बच्चाहरूलाई जन्माएर बढो जतनसाथ राखि दिन्छन्। तिनीहरूलाई कहाँ कहाँबाट खाना ल्याएर ख्वाइदिन्छन् र कसरी उड्ने भनेर ती आमा चराहरूले सिकाइदिन्छन्। भैंडाहरू चराइरहेको मोसाले प्रत्येक बसन्त ऋतुमा त्यो चर्तिकला हेरिरहेको हुनुपर्दछ। सृष्टिमाथि परमेश्वरको ममतामयी हेरचाहमा मोसा ध्यानमग्न भएको हुनुपर्दछ। परमेश्वरकै अगुवाइमा मोसाको चिन्तन त्यसबेलाको विषयमा तानेको हुनुपर्दछ जब परमेश्वरले मानिसको निम्ति यस पृथ्वीरूपी गुँडलाई सृष्टि गर्नुभएको थियो। आमा चराहरू गुँडमाथि चक्कर मारिरहेको मोसाले देख्दा परमेश्वरको आत्मा पनि सृष्टिको सुरूमा यस पृथ्वीमाथि चक्कर मारिरहेको आभास उनले पाएको हुनुपर्दछ।

जुन योजनावद्धरूपमा यस पृथ्वीको सृष्टि गरियो त्यसले परमेश्वरको माया ममता यस पृथ्वीमा कस्तो थियो भनेर देखाउँदछ। सुनियोजित तरिकाले बनिएको यस पृथ्वीको सृष्टिको लक्ष्य परमेश्वरको हृदयमा थियो भनेर देखाउँदछ। सृष्टिको सुरूमै परमेश्वरको प्रेम थियो। बिकासबाद सिद्धान्त र सृष्टिको सिद्धान्तमा यसले नै भिन्नता देखाउँदछ। खरबौं वर्षको  अनेकन् आकस्मित सृष्टि र स्वार्थमय हिंसा पछि जसरीतसरी यस संसारमा मायाममता जागेर आयो भनेर बिकासबाद सिद्धान्तले सिकाउँछन्। तर प्रेम वा ममताकै कारण परमेश्वरले यस संसार सृष्टि गर्नुभएको हो भनेर बाइबलले सिकाउँदछ र भताभुङ्ग र ध्वस्त भएको यस पृथ्वीको पुनःनिर्माण पछि पनि प्रेमको स्थान् उच्च रहनेछ भनेर बाइबलले सिकाउँदछ।

प्रकृतिको अचम्म कुराहरूमा ध्यान गर्नुहोस्। परमेश्वरको अति विचित्र प्रेम तथा ममता सृष्टिमा कसरी झल्किरहेकोछ, सोच्नुहोस्। के प्रकृतिमा भएका वस्तुहरूले तपाईंलाई चकित तुल्याइरहेका छन्?

## ३. स्वर्गले घोषणा गर्दछ.. (भजन १९)

सृष्टिकर्ता परमेश्वरको स्तुति, प्रशंसा र भजनका श्लोकहरूले भजनसङ्ग्रहको पुस्तक भरिएका छन्। अति आनन्दित भएर निरन्तर रूपमा परमेश्वरका महान् कामहरूको बारेमा भजनसङ्ग्रहका लेखकहरूले भजनसङ्ग्रहमा प्रस्तुत गरेकाछन्।

**भजन १९.** यस भजनमा दाउदले परमेश्वरको बारेमा निर्धक्कसँग आफ्नो चिन्तन पोख्दछन्। आगोको ज्वालाले भरिएको सूर्य, आकास र

ब्रम्हाण्डको सौन्दर्यताको प्रशंसा गर्दा दाउदले आफ्नो भजन सुरू गर्दछन्। जगमगिन्दो सूर्यबाट आउने प्रकाश र उर्जालाई दाउदले आफ्नो बिवाहमा गइरहेको दुलाहासँग तुलना गर्दछन्। त्यत्तिमात्र होइन, एक खेलाडीले खेलमा भाग लिन तालिम लिने बेलामा उसमा उब्जिएको शक्तिलाई पनि घामको प्रतापसँग दाँज्दछन् (भजन १९:१-६)। अनि दाउदले नै सूर्यको तेजस्वीमय महिमालाई परमेश्वरको सिद्ध व्यवस्था र आज्ञाहरूको शक्तिसँग तुलना गर्दछन्। परमेश्वरको सृजनात्मक वा सृष्टिगर्ने महान् खुबीलाई व्यवस्थाका आज्ञाहरूसँग जोड्दछन् (भजन १९:९-११)।

**भजन ९२.** परमेश्वरका हातले सृष्टि गर्नुभएका कामहरू, उहाँको प्रेम र विश्वसनीयताप्रति आभारित हुँदै मुग्द भएर यस सब्बथ अर्थात बिश्राम दिनको भजन दाउदले कोर्दछन्। परमेश्वरले सृष्टि गर्नुभएको कामहरूको बारेमा जतिजति मानिसहरूले सिक्दछन् त्यति त्यति मानिसहरूले उहाँको सृष्टिबारे चकित हुन्छन्। परमेश्वरले सृष्टि गर्नुभएका विभिन्न जन्तु जनावर र बनस्पतीहरूको बारेमा वैज्ञानिकहरूले निरन्तररूपमा सिकिरहेकाछन्। जीवनको रूपरेखा भित्र पसेर वैज्ञानिकहरूले जीवनप्रणाली एक आपसमा कसरी जोडिएकाछन् भनेर तिनीहरूले दिनदिनै सिकिरहेकाछन्। जति जति नयाँ कुरोहरू पत्ता लगाउँदै तिनीहरू सिक्दछन् त्यति त्यति प्रकृतिका रहस्यहरूप्रति तिनीहरू अचम्म मानिरहेको हामी पाउँछौं।

"परमेश्वरले योजनावद्ध तरिकाले सारा सृष्टि सृजनुभएको हो भन्ने ज्वलन्त उदाहरण बङ्गारा हो। बङ्गारा असिद्ध तर अकस्मात बिकसित हुँदै जीवित जीवातहरूको मुखमा उम्रन गएको हो भन्नुको सट्टा मानव तथा पशु आदिहरूको अनुहारमा बङ्गारा कहाँ हुनुपर्ने, कति ठूलो वा सानो हुनुपर्छ र के हुनुपर्छ भनेर सुनियोजित ढङ्गले कसैको हातबाट तयार गर्दै तिनीहरूको मुखमा जडान हुँदै गएको हो।"-ओअन ग्रीनरिच, गड्स युनिभर्स (क्याम्ब्रिज, माशाच्युसेटः हार्भर्ड युनिभर्सिटी प्रेस, २००६), पृष्ठ ९८, ९८बाट रूपान्तरित। यसका लेखक इसाई हुनुहुन्छ। उनले बिकासबाद सिद्धान्त वा इभ्युल्यसन थ्योरीलाई मिसाएको जस्तो देखिन्छ। कुन् महत्त्वपूर्ण कुरालाई उनी चुकेकाछन्?

सृष्टिको कुरालाई हेर्दा परमेश्वरको प्रेम र शक्तिकोबारेमा गरिने प्रदर्शनमा कुनै कुरा उठ्दैन। तर ख्रीष्ट र सैतानको बिचमा भएको

महान् अन्तरसंघर्षले गर्दा यस पृथ्वीलाई पापले क्षती पुऱ्याइरहेकोछ भन्ने सत्यतालाई पनि बिर्सनुहुन्न। स्वभाविकै रूपमा हुने बिमार, मृत्यु र दैवीप्रक्रोपको नाउँमा हुने भुकम्प, हुरीबतास, सुनामी र बाढिपहिरो आदि पापको परिणामले भएका हुन्। सृष्टिका कुनै पनि तत्व यसबाट सुरक्षित छैन। मानिसले जतिसुकै परमेश्वरको अस्तित्वलाई अश्विकार गरेपनि पापको परिणामबाट भाग्न सकेको छैन। यस्तो भयानक दुर्दसाको भुमरीमा हामी परिरहेतापनि सृष्टिकर्ता परमेश्वरको प्रेम र शक्तिको बारेमा सिकिरहनसक्दछौं। खराब कुराको बारेमा चिन्ता गर्नु महत्त्वको बिषय होइन तर असल कुरामा ध्यान दिनु जरूरी छ। उदाहरणमा कुनै स्याउको रुख किरा लागेर सबै स्याउ बिग्रेको हामी हेर्नसक्छौं, तर रूखमा देखाइएको प्रेम र परमेश्वरको असल गुणलाई रुखमा लागेको रोगले हटाउन सक्दैन। रुखमा भएको गुणले सृष्टिकर्ताको गुणलाई औंल्याउँछ भने त्यसमा लागेको रोगले सैतानको खराब बाहुल्यतालाई देखाउँदछ।

## ४. क्रुस र सृष्टि (यूहन्ना १:१-१३)

क्रुससँग सृष्टिको सम्वन्धलाई युहन्नाले कुन तरिकाले जोडेका छन्, हेर्नुहोस्, यूहन्ना १:१-११? क्रुस र सृष्टिको दुई विषय वस्तु किन एक आपसमा मेल खान्दछ, अर्थात् ती दुई सिद्धान्तहरू किन एक आपससँग जोडिएका छन्?

खीष्ट सृष्टिकर्ता प्रभुसँग मुक्तिदाता प्रभु जोडिएको कुरा बाइबलमा धेरै ठाउँहरूमा स्पष्टरूपमा प्रस्तुत गरेको पाइन्छ। ती दुई शिक्षाको तालमेलले बिकासबाद सिद्धान्त सरासर गलत हो भनेर अझ बढि देखाएको बाइबलको प्रमाण हो। थ्योरी अभ इभ्युल्युशन (theory of evolution) अर्थात् संयोगबाट निस्किएको कुनै सुक्ष्म प्राणीबाट मानिसको बिकास भयो भन्ने शिक्षासँग बाइबलको सृष्टिबाद शिक्षा मिल्दैन। क्रुसबाट पाइएको आत्मज्ञानले त झन यो पुष्टि गर्दछ। यदि विश्वका स्कुलहरूको पाठ्यक्रममा (नेपालमा पनि) समावेश गरिएको विकासबाद सिद्धान्त सत्य भएको भए येशू खीष्ट आफै पनि नरबानरबाट बिकसित भएको मानव चोला धारण गर्नुभयो भनेर विश्वास गर्नुपर्ने हुन्छ ! यसको अर्थ अन्तिम शत्रु मृत्युलाई सखाप पार्न (१ कोरन्थी १५:२६) परमेश्वरले बिकासबाद जस्तो भयानक परिवर्तनहुने प्रक्रिया

अपनाउन दिनुभयो भन्ने तर्कलाई स्वीकार गर्नुपर्नेहुन्छ। यदि बिकासबाद सिद्धान्तलाई अपनाएर परमेश्वरले मानिसलाई सृष्टि गर्नुभयो भने मृत्यु मानिसको परमशत्रु कसरी हुनसक्दछ र? यदि बिकासबाद सिद्धान्तलाई अपनाउने हो, अनगिन्ति मानवजातको मृत्युलाई प्रसोधित गरेर अन्तमा परमेश्वरले एक जनालाई आफ्नो स्वरुपमा निकाल्न सफल हुनुभयो भन्ने कुरालाई पत्यार गर्नुपर्ने हुन्छ। यदि त्यस बिकसित तरिकाले उब्जिएको मानवजातको उद्धारको निम्ति येशू आउनुभयो भन्ने कुरो सत्य हो भने बेकुफ वा मूर्खपूर्ण तर्क नभने कस्लाई भन्ने? (यदि मानिस बाँदरबाट बिकसित हुँदै मानिस हुन गयो भने त्यसपछिको बिकसित कहाँ गएर टुँङ्गिछ, के बिकासबाद सिद्धान्तको जवाफ छ? के उपरोक्त मानिस भगवान हुन जान्छ भने, त्यसको लागि येशू मर्नुको औचित्य के? यदि सृष्टिको निम्ति बिकासबाद सिद्धान्तले सर्वज्ञानी, सर्वशक्तिमान, सर्वब्यापी सृष्टिकर्ता परमेश्वरको सक्रियता वा अस्तित्वको आवश्यकता नठाने अनन्त जीवनको निम्ति आध्यात्मिक चिन्तनको अर्थ के छ र?-अनुवादकको जिज्ञासा)।

सारा मुक्तिको योजनाको निम्ति उत्पत्तिको पुस्तकमा उल्लेखित सृष्टिको बृतान्तलाई बुझ्नु किन आवश्यक छ भनेर रोमी ५:१२मा उल्लेख गरिएको छ। त्यसमा भनिएको छ, "एउटा मानिसद्वारा संसारमा पाप आयो, र पापबाट मृत्यु। यसरी सबै मानिसले पाप गरेका हुनाले सबै मानिसमा पाप फैलियो।" सृष्टिलाई विश्वास गरेन भने मुक्तिको योजनाको औचित्य छैन भनेर त्यस पदले बुझाउँछ।

बिकासबाद सिद्धान्त र बाइबलमा उल्लेखित सृष्टिको कथालाई मिसाउने मानिसहरूले मानिसको पतनको बारेमा कसरी वाख्या गर्न सक्दछन् र? के सृष्टिको निम्ति परमेश्वरले हिंसात्मक र स्वार्थीपना बिधि अपनाउनुभयो र? के परमेश्वरले कमजोरलाई नियन्त्रण गर्न त्यसलाई सक्ति दिनुहुन्छ त? अनि त्यस नियन्त्रणको प्रक्रियाद्वारा सिद्ध र निस्वार्थी मानिसमा उहाँको शक्तिको बिकसित कसरी हुन जान्छ र? अनि फेरि, स्वार्थी, हिंसात्मक र अरूलाई बसमा पार्न चाहनेको हातमा त्यस मानिसलाई उहाँले सुम्पनु हुन्छ र? यदि यो सत्य हो भने फेरि त्यस मानिसलाई त्यस्तो हिंसात्मक तत्व वा मानिसको हातबाट उद्धार गर्नुको अर्थ के हो त? अर्थात् त्यसलाई मानिसको पापपूर्ण जालोबाट कसरी उम्काउन सकिन्छ र?

फेरि बिकासबादको अर्थहिन तथा मूर्खतापूर्ण तर्कले मानिसको पाप र त्यसबाट उद्धार गर्नुपर्ने आत्मिक शिक्षाको औचित्यलाई सखाप पारिदिन्छ। क्रुस र मुक्तिदाताको आवश्यकताको अर्थ देखाउन मानिस पापमा फसेको र त्यसलाई उद्धार गर्नु परेको हुन्छ। पापमा फसेर मानिसको अवस्था खस्कनुको अर्थले मानिस तल चिप्लीरहेको देखाउँछ। यसको अर्थ हामी असलबाट खराबमा खस्किरहेको देखाउँछ। मानिस सिद्धतातिर नलम्कँदै पापतिर झरिरहेको तर्कलाई उत्पत्तिको पुस्तकले स्पस्तरूपमा बुझाउँछ। तर बिकासबाद सिद्धान्तको निम्ति यो तर्क बेवकूफ हुनजान्छ। असलीरूपमा भन्ने हो भने बिकासबाद सिद्धान्तले मानिसको पतन र क्रुसको उपहास गर्दछ।

## ५. सृष्टि र पुनःसंरचना अर्थात् पुनःसृष्टि (नयाँ पृथ्वीको औचित्य) (यशैया ६५:१७)

यशैया ६५:१७, यशैया ६६:२२, २ पत्रुस ३:१३ र प्रकाश २१:४ले कस्तो अचम्मका प्रतिज्ञा वा वाचाहरूलाई उल्लेख गरेकाछन्? उत्पत्तिको पुस्तकको सुरूमा गरिएको सृष्टिको कथासँग उपरोक्त पदहरू कसरी जोडिएकाछन्?

सारा इसाईको आशाको आधारशीला नै नयाँ स्वर्ग र नयाँ पृथ्वीका प्रतिज्ञाहरू हुन्। त्यस स्वर्ग र पृथ्वी जहाँ पापको बिखण्डनले नछोएको हुनुपर्दछ। यो आशा वा प्रतिज्ञाबिना मानिस भएर आशामा बाँच्नुको अर्थ हुँदैन। अनन्त जीवन वा अजम्मरी जीवनको प्रतिज्ञा अत्यन्त अचम्मको छ। तर हामी त्यस अनन्त जीवनको संसारमा पस्न चाहन्छौं जहाँ दुःख, कष्ट, पिडा, नैराश्यता र सन्त्रासको बीउ नभएको होस् जुन बर्तमान संसारमा मानिसको जीवनलाई तहसनहस पार्ने गरेर उम्रिरहेकाछन्। कुन् भयानक स्थिति स्वीकार्य हुन्छः उद्धार नपाइएकाहरूले पाउने अनन्तको मृत्यु, वा त्यो संसारमा पाउने अनन्त जीवन जहाँ दुर्दशा र बिपत्तीहरूले भरिएको?

माथि उल्लेखित सत्य तर्कहरूले सृष्टिको सुरू र उत्पत्ती १ र २मा उल्लेखित सृष्टिको प्रथम चरणमा परमेश्वर कसरी क्रियाशील हुनुभयो भन्ने बारेमा रोचक जिज्ञासाहरूतिर अग्रसर गराउँदछन्। उत्पत्तिको पुस्तकमा परमेश्वरको सिद्ध निर्देशन अनुसार सृष्टि भएको जगत र संसार जस्तै के नयाँ स्वर्ग र पृथ्वीको पुनःसृष्टि हुनेछ र? के

परमेश्वरले बोल्नुहुने छ र छोटो समयमै नयाँ पृथ्वीमा पूर्ण बिकसित जीवनको सृष्टि हुनेछ र? त्यसमा पनि कुनै संयोग वा अकस्मात र हिँसात्मक तरिकालाई स्थान नदिएर? (बिकासबाद शिद्धान्तमा सर्भाइबल अव फिटेस्ट अर्थात जो बलियो छ त्यो जीउँछ र त्यहि जीइएको आधारमा त्यो तत्व बिकसित भएर मानवको रूप लिन जान्छ।) वा, त्यस प्रक्रियाको सट्टा, के नयाँ सिद्ध संसार सृष्टि हुन वा अन्तमा देखापर्न फेरि खरबौं वर्षको बिकासबाद प्रक्रियालाई अंगाल्दै जानुपर्दछ र (२ पत्रुस ३:१३)? यदि परमेश्वरले नै बिकासबादको निति अपनाएर प्रथम् सृष्टि गर्नुभयो भने फेरि दोश्रो पटक भिन्न तरिकाले यो संसार किन सृष्टि गर्नुहुनेछ र? यदि उत्पत्तिको पुस्तक अनुसार वाख्या गरिएको सृष्टिको बृतान्त ठिक भएको भए भविष्यमा हुने दोश्रो सृष्टिको प्रक्रिया पनि ठिक हुँदैन र?

स्वर्ग र पृथ्वीको पुनःसृष्टि गर्न परमेश्वरले बिकासबादको निति लिनुभएको तर्क नै अर्थहिन र मूर्खतापूर्ण छ भने यस संसारलाई सृष्टि गर्दा उहाँले त्यो निति अपनाउनुभएको थियो भन्ने तर्कलाई पनि मूर्खता सावित हुन्छ। क्रुस, मुक्ति, र नयाँ पृथ्वी र नयाँ स्वर्ग तथा आकासको बिषयबस्तुसँग उत्पत्तिको पुस्तकमा उल्लेखित उत्पत्तिको बृतान्तमा घनिष्ट सम्वन्ध रहेको सर्वविदितै छ।

सुरूमा सृष्टिभएको यस संसारको अवस्था र सौन्दर्यताको बारेमा कल्पना गर्नुहोस्। फेरि नयाँ सृष्टि गरिने बेलामा त्यसको स्थिति कस्तो हुनेछ त्यो पनि कल्पना गर्नुहोस्। नयाँ संसार कस्तो हुनेछ भन्ने बिषयमा परिकल्पना गर्न हाम्रो दिमाग र हृदयले अलिकतिपनि सोच्न सक्दैन। तर हामी सबैले यो जिज्ञासालाई जवाफ दिन सक्दछौंः यदि परमेश्वरले हामीलाई गर्नु भएको प्रतिज्ञाप्रति हामी बिचल्लित भयौं भने यस संसारमा भएका वा हाम्रो अधिकारमा भएका वस्तुहरूको मूल्य मान्यता के छ र?

## उपसंहारः

<u>थप जानकारीः</u> आफ्नो सारा सेवाकार्यकालभरि थ्योरी अभ इभ्युलुशन अर्थात् बिकासबाद सिद्धान्तको बिपक्षमा एलेन जी ह्वाइट कडाइका साथ उभेर बसिन्। उनले लेखिन्: "परमेश्वरप्रतिको विश्वासलाई भडकाउने यो अत्यन्त खराब शिक्षा हो। सृष्टिको कथालाई विश्वास गर्छौं भनेर धेरैले

दावी गरेतापनि भित्री हृदयमा त्यसलाई मानेको हुँदैनन्। यस्ता मानिसहरूले परमेश्वरप्रतिको अविश्वासलाई लुकाइ राखेका हुन्छन्।"- *द साइन अभ द टाइमस्,* मार्च २०, १८७९बाट रूपान्तरित।

“शुक्ष्म जीवाणुबाट शंख भएर बिकसित हुँदै नरबाँनर भएर हामी परिवर्तन भयौं भन्ने बिकासबादको इतिहासलाई हामी मान्न चाहना भयो रे? यदि यस तर्कलाई विश्वास गर्छौं भने बाइबलको सरल तर महान् सत्यलाई हामी फैंकिदिनेछौं, ‘परमेश्वरले आफ्ना स्वरूपमा मानिस सृष्टि गर्नुभयो। आफ्नै स्वरूपमा नर र नारी सृष्टि गर्नुभयो।’ उत्पत्ति १:२७ रूपान्तरित।"-एलेन जी ह्वाइट, *एजुकेशन,* पृ, १३०बाट रूपान्तरित।

“संसार छ दिनमा सृष्टि गर्नुभएर सातौं दिनमा बिश्राम लिनुभयो भनेर परमेश्वरले घोषणा गर्नुभएको छ। त्यो साँच्चिकै चौबिस घण्टाको समय थियो, जुन घाम लाग्ने समयदेखा घाम अस्ताउने समयसम्म थियो।"-*टेस्टिमोनीज टु मिनिस्टरस् एण्ड गसपल वर्करस्,* पृ. १३६बाट रूपान्तरित।

**चिन्तनमनन:**

क. बिकासबादको सिद्धान्तलाई बाइबलसँग जोड्न खोज्दा अर्को समस्या उब्जेको हुन्छ। त्यो हो संसारको इतिहासको अन्तमा हुने मृत्युबाट बौरी उठ्ने घट्ना। के त्यो आँखाको निमेषमा हुने होइन र (१ कोरन्थी १५:५२)? कतिपय मानिसहरू हजारौं वर्षदेखि मरेकाछन्। ती मरेकाहरूको कुनै काम गरिरहेको हुँदैन। यदि परमेश्वरले तुरन्तै मानिसको पुनःसृष्टि गर्न सक्नुहुन्छ भने उहाँले पहिला नै किन बिकासबादको सिद्धान्त अनुसार मानिसलाई सृष्टि गर्नुभयो होला त?

ख. बिकासबादको अनुमानित सिद्धान्तको प्रवर्तक चार्लस डार्विन हुन्। धेरैलाई थाहा छैन कि उनले त्यो सिद्धान्त धार्मिक आधारमा रचेका हुन्। डार्विनले लेख्छन्: “संसारमा अति धेरै दुःख कष्ट भएको देखिन्छ। अरिङ्गाललाई त्यसको रूप दिँदै त्यसलाई सृष्टि गरेर जीवित झुसेलकिराको शरीरलाई चुसेर तिनीहरूको जीविका निर्वाह गरून् भनेर दयालु र

शक्तिशाली परमेश्वरले सृष्टि गर्नुभयो भन्ने कुरालाई विश्वास गर्न सक्ने क्षमता ममा छ भन्न सक्दिन। न त बिरोलो मुसासँग खेल्न सक्छ भन्ने कुरालाई म विश्वास गर्न सक्छु।" हो, दयालु र शक्तिशाली परमेश्वरले यस्तो खालको सृष्टि गर्नुभएको थिएन। अनि डार्विनको बिवादमा गलत छ त? मानिसको जन्म वा सृष्टिको बारेमा गलत सिद्धान्त अपनाउन डार्विनलाई केले प्रभाव पारे होलान् त?

ग. सृष्टिका सुन्दर दृष्य तथा चकित पार्ने प्राकृतिक कुराहरूको बारेमा सोच्नुहोस्। यस सोच्ने क्रममा पापले कस्तो रडाको मच्चाइरहेको छ त्यो पनि सोच्नुहोस्। सृष्टि आफै र पापले क्षतबिक्षत पारेको सृष्टिमा कत्तिको भिन्नता तपाईंले पाउनुहुन्छ? यो भिन्नताप्रति सधैं किन सजग हुन आवश्यकता छ?

**सारांशः** अनुमान गरिएर निकालिएको बिकासबाद सिद्धान्तसँग बाइबललाई धेरैले मिलाउन खोज्दछन्। तर ती दुवै शिक्षाहरू तथा सिद्धान्तहरू एक आपसमा उल्टो छन्। येशूभक्तले बाइबल मुताविक सृष्टिको कथामा अडिग हुनुपर्दछ। यदि भएन भने मुक्तिको योजनको कुनै अर्थ हुँदैन।